नेपाल सरकार

# राष्ट्रिय योजना आयोगको सचिवालय

मितिः २०७२/७/१९

## प्रेस बक्तब्य

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. युवराज खतिवडाले आज मिति २०७२/७/१९ गते औपचारिकरुपमा पदभार सम्हाल्नु भयो। राष्ट्रिय योजना आयोगको सचिवालयले आयोजना गरेको स्वागत कार्यक्रममा उहाँले समसामयिक विषयमा उपस्थित कर्मचारीहरुलाई देहाय अनुसार आवश्यक निर्देशन दिनु भयो।

देहायः

- आजको कठिन आर्थिक अवस्थामा राष्ट्रिय योजना आयोगको दायरा भित्र रहेर आर्थिक गतिविधिहरुलाई सुचारु गर्ने प्रयास गर्नु पहिलो आवश्यकता देखिएको।
- तत्काल देखिएको उर्जा संकटको समाधानका लागि तत्कालिन र दिर्घकालिन रणनीति अघ बढाउनु पर्ने। यो कार्य सबै निकायको सहयोगमा मात्र संभव हुने भएकोले यसमा राष्ट्रिय योजना आयोगले पहल गर्ने।
- भुकम्प पश्चातको पुनःनिर्माणलाई छिटो र सहज रुपमा अगाडि बढाउन पुनःनिर्माण प्राधिकरणको काम अघि नबढुन्जेल राष्ट्रिय योजना आयोगले विभिन्न मन्त्रलयहरु मार्फत खर्च गर्ने गरी नेपाल सरकारले छुट्याएको बजेट तत्काल कार्यक्रम बनाएर काम गराउने। जसमा निर्माण र रोजगार सिर्जना गर्नेगरी कार्यक्रम बनाउन लगाउने।
- अर्को आवधिक योजनाको निर्माण कार्य अघि बढाउदै दिगो विकास लक्ष्य कार्यन्वयन गर्ने तर्फ तयारी कार्य गर्ने।
- तथ्याङ्क, सूचना प्रणाली र आयोगका अन्य कामकारवाहिलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउदै लैजाने।

सागर आचार्य

कार्यक्रम निर्देशक तथा सहायक प्रबक्ता